# मुसीकोट नगरपालिका
# स्वास्थ्य नीति २०७६

## १.पृष्ठभूमि

नेपालको संबिधान २०७२ ले नागरिकको मौलिक हकको रुपमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने र आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने व्यवस्था गरेको अवस्थामा मुसीकोट नगरपालिका सबै नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच र आकस्मिक स्वास्थ्य सेवा पुऱ्याउने र आधारभूत स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता गर्नु अपरिहार्य रहेको छ । स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरूलाई विकासका प्रमुख सूचकहरूको रूपमा लिइन्छ । गुणस्तरीय तथा प्रभावकारी, विश्वसनीय, आधुनिक प्रविधिमय स्वास्थ्य सेवा मार्फत समग्र मानव विकास सूचकाङ्कमा सुधार ल्याई यस नगरपालिकाको समग्र विकासका लागि प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्नु जरुरी देखिएको छ ।

यस नगरपालिका भित्र नवजात शिशु तथा मातृ मृत्युलाई वाञ्छित तहसम्म घटाउनु, परिवार नियोजनको साधनहरुको प्रयोग दर मा वृद्धि गर्नु,बढ्दै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्नु, उमेर नपुक्दै गर्भधारण हुने संख्यामा कमि ल्याउनु, स्वास्थ्य बीमा कार्यक्रम लाई प्रभावकारी रुपमा सवै सामु पुऱ्याउनु, धुमपान र मद्यपान प्रयोगकर्ताको संख्या मा कमि ल्याउनु, अव्यवस्थित,मापदण्ड विपरित तथा अबैधानिक तवर ले सन्चालित स्वास्थ्य सँग सम्बन्धित संस्थाहरुको नियमित निगरानी, जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, सशस्त्र द्वन्दकालका घाईते तथा अपाङ्ग, एकल महिला, खास गरी अति गरिब, गरिब तथा विपन्न, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई आधारभुत, गुणस्तरीय तथा प्रभावकारी स्वास्थ्य सेवा सर्वसुलभ र पहुँच योग्य बनाउन नगरपालिकाले दायित्वबोध गरेको छ ।

स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्न, जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक तथा उपलब्ध सबै स्रोत र साधनको अधिकतम परिचालन गरी संघीय संरचनामा स्वास्थ्य सेवा प्रणाली विकास, विस्तार र सुधार गर्दै विद्यमान तथा नयाँ चुनौतीहरूलाई सही ढङ्गले सम्बोधन गरेर नगरपालिकाबासीको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुर्नस्थापना गर्न गाउँपालिका भित्रका स्वास्थ्य, खानेपानी-सरसफाई तथा पोषण सम्वन्धि आवश्यकता र विद्यमान अवस्थाका आधारमा प्रस्तुत ***मुसीकोट नगरपालिका स्वास्थ्य नीति, २०७६*** तयार गरिएको छ ।

## २.समिक्षा

### क) विगतमा गरिएका प्रयासहरु

मुसीकोट नगरपालिका भित्र मानव सभ्यताको बिकास क्रमसंगै बिभिन्न सामाजिक तथा साँस्कृतिक मूल्य मान्यता र व्यक्तिगत ज्ञान सीपमा आधारित उपचार पद्धतिबाट विकास हुँदै आएको भएता

पनि औपचारिक रुपमा आधुनिक चिकित्सा सेवा प्रणालीको शुरुवात बि.सं २०३० तिर खलंगा वालमन्दिर नजिक निजी घरमा मुसीकोट स्वास्थ्य चौकी स्थापना पछि भएको हो । बि.सं २०४५ मा मुसीकोट स्वास्थ्य चौकी सल्लेमा अस्पताल स्थापना भएपछि पिपलनेटा सारीएको थियो । वि. सं २०४८ को राष्ट्रिय स्वास्थ्य नीतिले आधारभूत स्वास्थ्यमा सवैको पहुँच पुऱ्याउने उद्देश्यले तत्कालीन सबै गाउँ विकास समितिहरूमा उपस्वास्थ्य चौकी, इलाकाहरूमा स्वास्थ्य चौकी, प्रत्येक निर्वाचन क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्रहरू स्थापना गर्ने रणनिती अनुरुप वि. सं २०५० पछि साँख, भलाक्चा, छिवाङ्ग र चौखाबाङ्ग उप स्वास्थ्य चौकी स्थापना गरिएको थियो जुन पछि स्वास्थ्य चौकीमा स्तरोन्नति गरिए ।

वि.स. २०६२/६३ को जनआन्दोलन पश्चात बनेको अन्तरिम संविधानले स्वास्थ्यलाई जनताको आधारभूत अधिकारको रुपमा स्थापित गर्दै निःशुल्क स्वास्थ्य सेवाको अवधारणालाई विकसित गरे अनुरुप नगरपालीका अर्न्तगतका स्वास्थ्य संस्थाबाट अत्यावश्यक निःशुल्क उपचार सेवा शुरु गरि नगराबासीको स्वास्थ्यको हक सुनिश्चित गर्ने प्रयास गरेको छ । नेपालको संविधान २०७२ ले निःशुल्क आधारभूत स्वास्थ्य सेवाका साथै आकस्मिक स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा निर्दिष्ट गरे बमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई सर्वव्यापी पहुँच बढाउन आधारभूत स्वास्थ्य सेवा प्याकेज २०७५ तयार गरी स्थानिय तह समेतको जिम्मेवारी स्पष्ट पारि कार्यान्वयन गरिएको छ । संघीयता कार्यान्वयनका कममा स्थानिय तहको स्वास्थ्य क्षेत्रका जिम्मेवारीहरु पूरा गर्न नगरपालीका अर्न्तगत आधारभुत स्वास्थ्य तथा सरसफाई शाखाको स्थापना गरिएको छ भने यस मातहतका स्वास्थ्य चौकीहरु हस्तान्तरण भएका छन् साथै प्रयोगशाला सहितको स्वास्थ्य सेवा केन्द्र सञ्चालन भइराखेको छ यसै गरि साबिकमा स्वास्थ्य चौकी नरहेका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु क्रमश स्थापना भई सञ्चालनमा आउदै छन् ।

मुसीकोट नगरपालिकाले स्वास्थ्यको क्षेत्रमा स्थानिय आवश्यकताका आधारमा समानीकरण अनुदान अर्न्तगतको रकम विनियोजन गरि प्रभावकारी कामहरु सम्पन्न गरि सकेको छ । नगरबासीको आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न तथा स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धिहरुलाई संरक्षण गर्दै आगामी दिनहरुमा तथ्यमा आधारित योजना निर्माण गर्न आबश्यक धरातल र बैधानिकता प्रदान गर्नका लागि नगरपालिकाले स्वास्थ्यको बस्तुस्थिति झल्कने गरि स्वास्थ्य प्रोफाईल तथा बार्षिक प्रतिबेदन तयार गरेको छ ।

## ख. विद्यमान स्थिती

रुकुम पश्चिम जिल्लाको कुल जनसंख्याको करिब २१ प्रतिशत जनसंख्या बसोबास गर्ने यस नगरपालिकाको जनघनत्व २६० प्रतिवर्ग किमि रहेको छ भने औषत परीवार संख्या ५.४ जना रहेको छ । यस नगरपालिकामा आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्न ५ स्वास्थ्य चौकी,४ शहरी स्वास्थ्य केन्द्र,१ प्रयोगशाला सहितको स्वास्थ्य केन्द्र, ११ गाँउघर क्लिनिक, २१ खोप क्लिनिक, ४७ जना महिला स्वास्थ्य स्वयम्सेविका छन भने १ आयुर्वेद तर्फको स्वास्थ्य सेवा प्रवाह गर्न आयुर्वेद औषधालय संस्था रहेकाछन् । नगरपालिका अर्न्तगतका ३ वटा स्वास्थ्य चौकीबाट पाँच प्रकारका परिवार नियोजनका साधन तथा प्रसुती सेवा उपलब्ध छ । यस्तै प्रदेश सरकार अर्न्तगतको जिल्ला

अस्पताल यस पालीकामा पर्दछ जसले  बिशेषज्ञ सेवा प्रदान गरीरहेको छ भने नेपाल नेत्रज्योती संघवाट संचालीत १ आँखा उपचार केन्द्र रहेको छ ।  बिभिन्न किसिमका ३ वटा निजी अस्पताल गरी १४ वटा वढी निजी स्वास्थ्य संस्थाहरुले सेवा प्रदान गर्दै आएको भएतापनि सवै सुचिकृत भएका छैनन् । आ.व. २०७५।७६ मा DHIS-2 मा प्रबिष्ट गरिएको तथ्याङ्क अनुसार यस नगरपालिकामा ५११४२ जना बिरामीले बहिरंग सेवा लिएका मध्ये ५७ प्रतिशत महिलाहरु रहेका छन् । यस नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुमा ५६ जना स्वास्थ्यकर्मि द्धारा स्वास्थ्य सेवा प्रदान गरिदै आइएको छ ।  स्वास्थ्यकर्मि र जनसंख्याको अनुपात हेर्दा जनसंख्यालाई १ जना स्वास्थ्यकर्मीले ७०० जनसंख्यालाई हुन आउँछ ।

यस नगरपालिकामा बालविवाह, किशोरावस्थामा विवाह गर्ने तथा कम उमेरमा गर्भवति हुने संख्या उच्च रहेको छ । जसको परिणाम स्वरुप कम तौलको शिशु जन्मने, समय भन्दा अगाडि जन्मने, कुपोषण तथा मृत्युदर बढ्ने लगायत आमाहरुमा अन्य प्रजनन स्वास्थ्य सम्बन्धी समस्याहरु रहेका छन् । बिगत केहि बर्ष देखि स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउनेको संख्यामा बृद्धि भएता पनी गुणस्तर सेवा अभाव छ भने पूर्वाधारको कमी, सामाजिक साँस्कृतिक मूल्य मान्यताहरु आदि कारणहरुले गर्दा जिल्ला अस्पताल बाहेकका स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन आउने महिलाको संख्यामा बृद्धि हुन सकेको छैन । यस नगरपालिकामा ८८ प्रतिशत बालबालिकाले मात्र पूर्ण खोप पाएका छन ।

केही महत्वपूर्ण स्वास्थ्य सूचकहरूलाई राष्ट्रिय तथा प्रादेशिक सूचकसँग तुलना गरी देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सि. नं | सुचकहरू | राष्ट्रिय तथ्याङ्क NDHS 2016 | प्रादेशिक तथ्याङ्क NDHS 2016 | मुसीकोट नगा।पालिकाको तथ्याङ्क DHIS-2 | | | दिगोविकास लक्ष्य २०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | | |
| १ | सिफारिस गरिए अनुसार प्रथम पटक गर्भजाँच गराउने महिलाको प्रतिशत | | | ७०.९ | १११.९ | १४६.९ | | |
| २ | सिफारिस गरिए अनुसार ४ पटक गर्भजाँच गराउने महिलाको प्रतिशत | ५६ | ६२ | १३.६ | ७०.६ | ६६.७ | ९० | |
| ३ | सुत्केरी पश्चात ३ पटक जाँच गराउने महिलाको प्रतिशत | ५७ | | ०.८३ | ०.६९ | १३.४ | ९० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | परिवार नियोजनका आधुनिक साधनहरुको प्रयोग गरिरहेका १५ देखि ४९ वर्षका विवाहित महिलाहरुको प्रतिशत | ४३ | ४५ | | २८ | ३७ | ६० | |
| ५ | संस्थागत प्रसुतीको प्रतिशत | ५८ | ३६ | ४३.५ | ७३.७ | ८४.१ | ९० | |
| ६ | सबै आधारभूत खोप पाएका बच्चाहरूको प्रतिशत (पूर्ण खोप) | ७८ | ७५ | ८४.८ | ७५.८ | ८७.८ | | |
| ७ | २ बर्ष मुनिका कुपोषित बालबालिकाहरुको संख्या | | | २९ | ४३ | ४८ | | |

## ३. मुसीकोट नगरपालिकामा बिद्यमान स्वास्थ्य समस्या तथा चुनौतीहरूः

उल्लेखित सुचकहरुमा समग्रमा नेपालले उल्लेखनीय सफलता हासिल गरिसकेको र स्वास्थ्य क्षेत्रमा मुलुक सकारात्मक बाटोमा अग्रसर भइरहेको देखिएता पनि मुसीकोट नगरपालिकामा स्वास्थ्य क्षेत्रका चुनौतीहरू अझै थुप्रै छन् । केही प्रमुख समस्या र चुनौतीहरू निम्नानुसार छन् ।

- मुसीकोट नगरपालिका भित्र भौगोलिक विशिष्टता र समतामुलक हिसाबले स्वास्थ्य संस्थाहरुको व्यवस्था हुन नसकेकोले सवै तह, वर्ग र क्षेत्रका समुदायको आधारभूत स्वास्थ्य सेवामा पहुँच पुग्न सकेको छैन ।
- मौजुदा स्वास्थ्य संस्थाहरुको भौतिक अवस्था कमजोर भएको, समयानुकुल सुधार गर्न नसकिएको र न्यूनतम पुर्वाधार सहितको रोग निदान सेवा समेत उपलब्ध हुन सकेको छैन ।
- प्रत्येक वडामा स्वास्थ्य संस्था स्थापना तथा सहि सन्चालन हुन सकेको छैन ।
- स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीहरुका लागि समुचित र उत्साहप्रद वातावरण सृजना गर्नु पर्नेछ ।
- स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि सम्बन्धित विषयका विभिन्न तालिम,गोष्ठी हरुको सृजना र आवश्यकता को प्राथमिकताका आधारमा विशेष तालिमहरुमा सहभागी गराउदै जानु पर्नेछ ।

- मुसीकोट नगरपालिकामा अर्न्तगतका महिला स्वास्थ्य स्वंयसेविका का लागि अवलोकन भ्रमण, प्रोत्साहन भत्ताको समायोजन, संचार सुविधा का साथै विभिन्न स्वास्थ्य सम्बन्धित कार्यक्रमको अभिमुखिकरण तालिम को व्यवस्था गर्नुपर्ने छ ।

- भौगोलिक विकटता, औषधि भण्डारण ब्यवस्था (स्थान, कोल्डचेन आदि) को अभाव जस्ता कारणले गुणस्तरीय औषधिको आपुर्ति, वितरण र उपलब्धता सहज र पहुँच योग्य हुन सकेको छैन । प्राकृतिक प्रकोप र महामारीका बखत समयमै पर्याप्त औषधि,उपकरण पुऱ्याउन र दुर्गम क्षेत्रमा बसोबास गर्ने नागरिकलाई समुचित मुल्यमा औषधी उपलब्ध गराउनु र यसको नियमन गर्नु पनि चुनौतिपूर्ण छ ।

- आवश्यकता अनुसार स्वास्थ्य संस्थामा निःशुल्क उपलब्ध हुने औषधी बाहेकका अति आवश्यक औषधीको मुनाफा रहित सहुलियत मुल्यमा बिक्री गर्नु पर्ने देखिन्छ ।

- मुसीकोट नगरपालिकामा नसर्ने खालका रोगहरु जस्तै क्यान्सर, मुटु, मृगौला, मधुमेह, कलेजो, फोक्सोको रोग, दाँतको रोग, आँखा सम्बन्धि रोगहरु,मानसिक रोगहरुको रोकथाम गर्नु जरुरी भएको छ ।

- मधुमेह र उच्च रक्त चापको औषधी निःशुल्क वितरण गर्ने व्यवस्था गर्नु पर्ने देखिन्छ ।

- मुसीकोट नगरपालिका भित्र रहेका पिछडिएका, गरीव, असहाय, दुर्गम भेगका नागरिकहरुका लागि स्वास्थ्य उपचार महगों पर्न गएको छ । अझ गम्भीर प्रकृतिका रोग लागेमा उपचार महंगो भई परिवार नै आर्थिक जोखिममा परि गरीबीमा जाने वा उपचार सेवा प्राप्त गर्न नसकि घरैमा बसि मृत्युवरण गर्नु परेको अवस्था पनि विद्यमान छ ।

- मुसीकोट नगरपालिकाका नागरिकहरुमा गरीवि, अशिक्षा, चेतनाको अभावका कारण कुपोषण, स्वच्छ खानेपानी र सरसफाइको समस्या रहेको छ । जसका कारण बेलाबखत झाडापखाला, हैजा, ज्वरो जस्तो समस्याहरु देखिने गरेका छ ।

- भौगोलिक बिकटता, उपयुक्त स्वास्थ्य सेवा उपलब्ध हुन नसक्नु र समयमा सेवा प्राप्त गर्नजान समेत कठिन भएकै कारण नवजात शिशु, बाल स्वास्थ्य तथा मातृस्वास्थ्य जस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुनसकेको छैन । अझै पनि यस मुसीकोट नगरपालिकाका महिलाहरु घरैमा सुत्केरी हुने, किशोरावस्थामै बच्चा जन्माउने गरेको पाइएको छ । यसैगरी मुसीकोट नगरपालिकामा मातृ तथा नवजातशिशु र पाँच वर्ष मुनीका बालबालिकाको तुलनात्मक रुपमा उच्च रहेको छ ।

- मुसीकोट नगरपालिकाका जडिबुटी एवं आयूर्वेदिक उपचार पद्दतीको सदुपयोग पनि हुन सकेको छैन ।

- जेष्ठ नागरिक तथा अपाङ्गता भएका ब्यक्तिहरुको स्वास्थ्य उपचार, किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रवर्द्धनका लागि उचित स्वास्थ्य सेवाको व्यवस्था हुन सकेको छैन ।

- स्वास्थ्य क्षेत्रमा भएको लगानीको समुचित सदुपयोग भएको, नागरिकले पाएको स्वास्थ्य सेवा र ऐन नियमका कार्यान्वयनको सम्वन्धमा नियमित र प्रभावकारी अनुगमन हुन सकेको छैन ।
- मुसीकोट नगरपालिका भित्र आवश्यकता अनुसार ठाउँमा र नागरिकको हित हुने गरी स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको सहभागीता बढ्न सकेको छैन । गैह्र सरकारी क्षेत्रको लगानीलाई पारदर्शी, प्रभावकारी एवम थप व्यवस्थित गर्नुपर्ने आवश्यकता रहेको छ ।
- विद्यालय स्वास्थ्य कार्यक्रमलाई विस्तार तथा परिमार्जित गर्दै प्रभावकारी रुपमा सन्चालन गर्नु पर्ने छ ।
- स्वास्थ्य बिमा कार्यक्रमलाई सवै जनता सामु पुऱ्याउनु पर्ने छ ।
- मुसीकोट नगरपालिकाको जनताको शैक्षिक तथा चेतनाको स्तर न्यून रहनु, पुर्वाधारका बिकास मेरुदण्ड मानिने सडक विजुली, टेलिफोन, शुद्ध तथा पर्याप्त खानेपानीको समुचित व्यवस्था हुन नसक्नु, आधुनिक चिकित्सा पद्दतीमा दुर्गम भेगका नागरिकहरुले विश्वास कम रहनु र परम्परागत धामी, झाक्रिको अभ्यास गर्नु, र अपर्याप्त सरकारी/निजी लगानी जस्ता चुनौतिहरु विद्यमान रहेका छन् ।

## ४. मुसीकोट नगरपालिका नीतिको निर्देशक सिद्धान्त

माथि उल्लेखित समस्या, चुनौती तथा औचित्यका आधारमा नगरपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका केही मौलिक निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति प्रस्ताव गरिएका छन् । प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा नगरपालिकाको स्वास्थ्य नीति, २०७६ को कार्यान्वयन गरिनेछ ।

- मुसीकोट नगरपालिकाका नागरिकहरूलाई मौलिक अधिकारको रुपमा आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने व्यवस्था सुनिश्चित गर्ने ।
- मुसीकोट नगरपालिकाका नागरिकले प्राप्त गर्ने स्वास्थ्य सेवा सम्बन्धी सूचनाको हक सुनिश्चित गरी स्वास्थ्य सेवाका हरेक तहमा जनसहभागीता बढाई सेवाग्राहीको सन्तुष्टि बृद्धि गर्ने ।
- मुसीकोट नगरपालिकाद्वारा प्रदान गरिने स्वास्थ्य सेवामा गरीब, सीमान्तकृत र जोखिममा रहेका वर्ग र  समुदायको पहुँच सुनिश्चित गर्न समतामूलक र सामाजिक न्यायको आधारमा स्वास्थ्य कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने
- मुसीकोट नगरपालिकाका नागरिकको स्वास्थ्य प्रवर्धन, संरक्षण, सुधार र पुर्नस्थापन सम्बन्धी नीति तथा कार्यक्रमहरू मुसीकोट नगरपालिकाका अन्य नीतिहरूमा पनि समावेश गराउदै लाने ।

- नागरिकले सर्वसुलभ ढङ्गले गुणस्तरीय स्वास्थ्य सेवा उचित मुल्यमा प्राप्त गर्ने गरी मुसीकोट नगरपालिका भित्र निजी क्षेत्रको सहभागिता वढाउने ।
- मुसीकोट नगरपालिकाको मौलिक र पम्परागत रुपमा रहेको आयुर्वेद लगायतका स्वास्थ्य पद्धतीको संरक्षण र प्रवर्धन गर्नका साथै मुसीकोट नगरपालिकामा पाइने औषधिजन्य जडिवुटीको खोज अनुसन्धान संरक्षण प्रशोधन र प्रवर्धन गर्ने ।
- स्वास्थ्य संस्थाहरुको स्तरोन्नति र स्वास्थ्यकर्मी हरुलाई दक्षता अभिवृद्धिका लागि गतिविधिहरु सन्चालन गर्ने ।
- आन्तरिक तथा बाह्य निकायहरूबाट प्राप्त साधन श्रोतलाई यो नीति र यस अन्तर्गत बनेका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गरी परिचालन गर्ने ।
- सरकारी, निजी तथा गैरसरकारी क्षेत्रबाट उपलब्ध गराइने सम्पूर्ण स्वास्थ्य सेवाहरूको प्रभावकारी अनुगमन र नियमन गर्ने ।
- पूर्ण खोप सुनिश्चितता, पूर्ण साक्षारता, कुपोषण मुक्त, पूर्ण आधुनिक चुलोको प्रयोगको घोषणा,पूर्ण वालविवाह मुक्त र पुर्ण संस्थागत सुत्केरी नगरपालिका बनाउने ।
- स्वास्थ्य सेवा प्रवाहमा समान्तर जवाफदेहिताको सिद्धान्तलाई आत्मसाथ गरी स्वास्थ्य सेवाका हरेक तह र प्रकारमा नागरिकहरुको सहभागिता बढाउने ।
- मुसीकोट नगरपालिका भित्रको स्वास्थ्य सेवालाई सुलभ र प्रभावकारी बनाउन संघीय, प्रदेश र अन्य स्थानीय सरकार सँग समन्वय र सहकार्य गर्ने ।
- स्वास्थ्य सुचना प्रणालीलाइ ब्यवस्थित र प्रभावकारी वनाउन प्रविधि मैत्रीमा जोड दिईने ।

## ५. नगरपालिका स्वास्थ्य नीतिको भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरु

### ५.१ भावी सोच (Vision)

मुसीकोट नगरपालिकाका सबै नागरिकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने ।

### ५.२ ध्येय (Mission)

उपलब्ध साधनस्रोतको अधिकतम प्रयोग गरी सरोकारवाला सम्बन्धित संघीय सरकार, प्रदेश सरकार, स्वास्थ्य सेवा प्रदायक, सेवाग्राही र सरोकारवालाहरू बीच समन्वय र रणनीतिक सहकार्य गरी नागरिकहरूको स्वस्थ रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

### ५.३ लक्ष्य (Goal)

मुसीकोट नगरपालिकाका सबै नागरिकहरुलाई स्वास्थ्यको अधिकार सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँच बृद्धि गरी समतामुलक र न्यायसंगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलव्ध गराउने ।

## ५.४. उद्देश्यहरू (**Objectives**)

- मुसीकोट नगरपालिकाका नागरिकलाई संविधान प्रदत्त स्वास्थ्य सम्बन्धि अधिकारको उपभोग गर्न पाउने वातावरण सृजना गर्ने ।
- प्रत्येक नागरिकले सबै तहबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने ।
- स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारी जनसहभागिता प्रर्वधन गर्ने ।
- स्वास्थ्य सेवा प्रवाहमा सरकारी नीजि, बहुपक्षीय साझेदारी तथा सहकार्य प्रवर्धन गर्ने ।

## ६.नीतिहरु

मुसीकोट नगरपालिकाको स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्वोधन गर्दै मुसीकोट नगरपालिकाका नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न नगरपालिकाले देहायका नीति अवलम्वन गरेको छ ।

६.१. मुसीकोट नगरपालिकाका हरेक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।

६.२ मुसीकोट नगरपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।

६.३ मुसीकोट नगरपालिकामा व्यक्ति, परिवार र समाजलाई परिचालन गरि जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवा स्तर देखि नै व्यवस्थापन गरिनेछ ।

६.४ मुसीकोट नगरपालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरु बिस्तार गर्दै (स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन, अनुसन्धान) स्वास्थ्य उपकरण र पुर्वाधारको समुचित व्यवस्था मिलाईनेछ ।

६.५ सुरक्षित मातुत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याउने रणनीति अबलम्बन गरिने छ ।

६.६ मुसीकोट नगरपालिका भित्र स्वास्थ्यको लागि जनशक्तिको व्यवस्थापनलाई प्रभावकारी रुपमा अघि बढाइनेछ ।

६.७ गुणस्तरीय, सर्वसुलभ औषधि उपकरणमा सर्वसाधरणको सहज पहुँच बनाउने तथा स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको उपयोगलाई प्रोत्साहित गरिनेछ ।

६.८ स्वास्थ्य सूचना प्रणाली र सुक्ष्म अनुसन्धानलाई गुणस्तरीय बनाई अनुसन्धानबाट प्राप्त परिणामलाई मुसीकोट नगरपालिकाको योजना, नीति, रणनीति बिकास गर्न प्रभावकारी उपयोग गरिनेछ ।

६.९ मुसीकोट नगरपालिका बासीको स्वास्थ्य बीमा सुनिश्चित गरि लक्षित बर्ग जस्तै ज्येष्ठ नागरिक, अपाङ्ग नागरिक, महिला बालबालीका, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका, जनयुद्ध र जनआन्दोलनका घाईतहरुलाई स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिने छ ।

६.१० सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिटलाइनेछ ।

६.११ सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपतकालिन अवस्था महामारी नियन्त्रण जस्ता कार्यका लागि सरोकारवाला सँगको समन्वयमा स्वास्थ्य सेवा प्रभावकारी रुपमा परिचालन गरिने छ ।

६.१२ स्वास्थ्य क्षेत्रमा मुसीकोट नगरपालिकाको लगानी अभिबृद्धि गर्दै संघीय, प्रदेश सरकार तथा निजी क्षेत्र लगायत अन्य लगानीलाई व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गरिनेछ ।

६.१३. जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक,उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रेषण सेवाको बिकास तथा बिस्तार गरिने छ ।

६.१४ स्वास्थ्यकर्मीको सुरक्षा, समुदायको स्वास्थ्य क्षेत्रमा सहभागीता र जनताको स्वास्थ्य सूचनाको हक सुरक्षित गर्दै स्वास्थ्य क्षेत्रमा सुशासन सुनिश्चित गरिने छ ।

६.१५ मुसीकोट नगरपालिकाबासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यबर्द्धक, पौष्टिकयुक्त स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) खाद्य वाली उत्पादन, प्रयोग र पहुँचलाई बृद्धि गरिनेछ ।

६.१६ जनसंख्या व्यवस्थापनलाई मुसीकोट नगरपालिका बिकासको मुल खम्बाको रुपमा संस्थागत गर्ने ।

## ७.नीति अर्न्तगत रणनीतिहरुः

**नीति १.मुसीकोट नगरपालिकाका हरेक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।**

**रणनीति १.२.**यस मुसीकोट नगरपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवाहरु प्रभावकारी रुपमा उपलब्ध गराईनेछन ।

**रणनीति १.२.**भुगोल र जनघनत्वका आधारमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरु स्थापना तथा विस्तार गरिनेछ ।

**रणनीति १.३.**मुसीकोट नगरपालिका र स्थानीय तहको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा कार्यक्रमको कार्ययोजना लागू गरिनेछ ।

**रणनीति १.४.**मुसीकोट नगरपालिका र सरोकारवालाहरुको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमा एवं सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरुलाई सामन्जस्यपूर्ण ढंगले संचालन गरिनेछ ।

**नीति २मुसीकोट नगरपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।**

**रणनीति २.१.**मुसीकोट नगरपालिका भित्रको साबिकको जिल्ला अस्पतालको स्तरोन्तीका लागी पहल गरी विशेषज्ञ सेवा विस्तार गरि निदान तथा उपचार पद्दती सुदृढ गरिने छ ।

**रणनीति २.२.**मुसीकोट नगरपालिकाका वडाहरुसंग समन्वय गरी हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरि स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य ईकाइ, गाँउघर किल्निक, खोप केन्द्र, बर्थिङ सेन्टर तथा रोभिङ अ.न.मी. मार्फत टोल वस्तीमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

**रणनीति २.३.**नाक, कान, घाटी, दन्त,स्त्री तथा प्रसुति रोग,मानसिक र आँखा चिकित्सालाई विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाईनेछ । मुसीकोट नगरपालिकाका ग्रामीण भेगमा समय समयमा विशेषज्ञ सेवा सहितको निःशुल्क स्वास्थ्य शिविरहरु संचालन गरिने छ ।

**नीति ३.मुसीकोट नगरपालिकामा व्यक्ति, परिवार र समाजलाई परिचालन गरि जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवा स्तर देखि नै व्यवस्थापन गरिनेछ ।**

**रणनीति ३.१.**सुर्तिजन्य पदार्थ, मादक पदार्थ, प्लास्टिक र अन्य स्वास्थ्यलाई हानी गर्ने वस्तुहरुको उत्पादन तथा उपभोगलाई निरुत्साहीत गरिने छ ।

**रणनीति** ३.२.सुर्तिजन्य पदार्थ, मादक पदार्थ जस्ता हानीकारक वस्तु किनवेच र प्रयोगलाई सार्वजनिक संस्था र स्थानमा निषेध गरिनेछ । यस्ता वस्तुको उत्पादन, विक्रि वितरण र प्रयोग नियन्त्रण तथा नियमन गर्ने सम्बन्धी कानून बनाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

**रणनीति** ३.३.तोकिए बमोजिमका अवस्थाहरुको समयमा पहिचान गर्न नियमित तथा बिशेष शिबिरहरु मार्फत आबश्यक स्वास्थ्य संस्थाहरुमा स्क्रिनिङ सेवाहरु (Uterine Prolepses, Obstetrics Fistula, RFT, VIA, Diabetes, HTN, PAP smear, Mammography) आदि सेवा उपलब्ध गराईनेछ ।

**रणनीति** ३.४.बढदो नैराश्यता तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने ब्यवस्था मिलाइनेछ साथै निश्चित स्थान र समयमा बिशेषज्ञ मानसिक स्वास्थ्य सेवा शिविर Mental Health Clinic संचालन गरिनेछ ।

**रणनीति** ३.५.मानसिक रोगीका लागी पुर्नस्थापना केन्द्र हरु सँग सहकार्य गरी त्यहाँ सम्म पुऱ्याउने र उपचार गर्ने व्यवस्था गरिने छ ।

**रणनीति** ३.६.Package of Essential Non-communicable (PEN) Package लाई न्युनतम पनि सबै स्थानीय स्वास्थ्य संस्थाबाट लागू गरिने छ ।

**रणनीति** ३.७.उच्च रक्तचाप, मधुमेह, मिगौला रोग, मुटुरोग अर्वुदरोग, दम, मोटोपना जस्ता नसर्ने रोगहरुको निदान, उपचार र व्यवस्थापन गर्न विशेष एकिकृत अभियान संचालन गरिने छ ।

**रणनीति** ३.८.उच्च रक्तचाप र मधुमेह रोगको उपचार ब्यबस्था उपलब्ध गराइने छ साथै प्रर्वधानात्मक गतिविधीलाई विशेष प्राथमिकता दिइने छ ।

**रणनीति** ३.९.स्वस्थ्य जीवनशैली, शारीरिक व्यायाम, उचित खानपान, नियमित स्वास्थ्य परीक्षण,ल्याव परिक्षण जस्ता स्वास्थ्य प्रर्वधनका कृयाकलापहरू स्थानीय स्वास्थ्य संस्थासंग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरि संचालन गरिने छ ।

**रणनीति** ३.१०.खोपबाट बचाउन सकिने रोगहरुको उन्मूलन, निवारण र नियन्त्रणका लागि निगरानी कार्य गरिनेछ, मुसीकोट नगरपालिकालाई पूर्णखोप सुनिश्चित नगरपालिका घोषणा गरिनेछ ।

**रणनीति** ३.११.योगा अभ्यास तथा शारीरीक ब्यायाम जस्ता कृयाकलापलाई प्रवधन गरिने छ ।

**नीति ४ मुसीकोट नगरपालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरु बिस्तार गर्दै (स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति ब्यवस्थापन, अनुसन्धान) स्वास्थ्य उपकरण र पुर्वाधारको समुचित व्यवस्था मिलाईनेछ ।**

**रणनीति** ४.१.मुसीकोट नगरपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा खानेपानी, सरसफाई, बिजुली (वैकल्पिक व्यवस्था सहित), इन्टरनेट सेवा, मापदण्ड अनुसार फोहोरमैला बिसर्जन् सेवाको व्यवस्था गरिने छ ।

**रणनीति** ४.२.आधारभूत स्वास्थ्य सेवामा जनताको सहज पहुँच बढाउन, शहरी स्वास्थ्य केन्द्रहरु स्थापना गर्ने, औचित्यपूर्ण स्थानान्तरण गर्ने र तिनीहरुमा सेवाको बिस्तार गर्ने व्यवस्था मिलाईने छ । साथै प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार, उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार ५ बर्ष भित्र क्रमागत रुपमा व्यवस्था गरिने छ ।

**रणनीति** ४.३.मुसीकोट नगरपालिकामा मेडिकल स्टोर, कोल्डचेन रुम, बायोमेडिकल इन्जिनियरीङ, प्रयोगशाला लाई क्रमशः स्थापना गरि ब्यवस्थित रुपमा संचालन गरिनेछ ।

**रणनीति** ४.४.प्रभावकारी स्वास्थ्य सेवा प्रवर्धनका लागि नमुना गाउँ, नमुना वडा, नमुना स्वास्थ्य संस्था, नमुना अस्पताल, नमुना स्वास्थ्यकर्मी अभियान शुरुगरि क्रमागत रुपमा बिस्तार गरिने छ र साथै उत्कृष्ट कार्य सम्पादन गरेको, वडा,स्वास्थ्य संस्था र स्वास्थ्यकर्मी लाई क्रमश पुरस्कृत गरिने छ ।

**रणनीति** ४.५.नयाँ संरचना अनुरूपको आपूर्ति व्यवस्थापन प्रणाली विकास गरि विशेष गरि निःशुल्क औषधी, खोप तथा खोप जन्य सामाग्री, परिवार नियोजनका साधनहरू, रेबिज भ्याक्सिन, सर्प दंश भेनम, एच.आइ.भी, क्षयकुष्ठ आदि रोगहरूको औषधीको प्रभावकारी सप्लाइ चेन व्यवस्थापन गरिनेछ ।

**रणनीति** ४.६.मुसीकोट नगरपालिकामा आयूर्वेद बैकल्पिक चिकित्सा पद्धतीको विधिलाई क्रमशः एकद्धार प्रणाली मार्फत सेवा प्रवाह गर्ने रणनीति अवलम्बन गरिनेछ ।

**नीति ५.सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याउने रणनीति अबलम्बन गरिने छ ।**

**रणनीति ५.१.**राष्ट्रिय तथा प्रादेशिक लक्ष्य अनुसार मुसीकोट नगरपालिकाका हरेक वडाहरुमा हाल संचालित सुरक्षित मातृत्व,उत्तर प्रसूती जाँच, बाल स्वास्थ्य, पोषण संग सम्बन्धीत कार्यक्रमलाई वडा संग समन्वय गरी प्रभाबकारी रुपले संचालन गर्ने ब्यबस्था मिलाइने छ ।

**रणनीति** ५.२.स्वस्थ बिद्यालय बाताबरण, Deworming, Iron Folic Acid (IFA) स्क्रिनिङ तथा स्वास्थ्य परीक्षण सेवा, किशोर किशोरी मैत्री प्रजनन् सेवा जस्ता बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ र यी कार्यक्रमलाई प्रभाबकारी बनाउनका लागि स्कूल नर्स कार्यक्रम लागू गरिनेछ ।

**रणनीति** ५.३.सरकारी विद्यालय मा अध्ययनरत सम्पुर्ण विद्यार्थीहरुको लागी वर्षको एक पटक रगत,दिशा,पिसाव को नि शुल्क ल्याव परिक्षण गरिने छ ।

**रणनीति ५.४.**मातृमृत्यु दर, नवजात शिशु मृत्युदर र बालमृत्युदर जस्ता महत्वपूर्ण सुचकाङ्कहरुमा आधारित लक्ष्यहरु तय गरि आवधिक कार्ययोजनाहरु तयार गरि लागू गरिनेछ ।

**रणनीति ५.५.**शहरी स्वास्थ्य ईकाइ तथा आधारभूत स्वास्थ्य केन्द्रहरुबाट प्रवाह हुने सेवालाई बृद्धि गरी किशोर किशोरी मैत्री प्रजनन् सेवा, सरसफाई प्रबर्द्धन, स्वस्थ व्यवहार प्रबर्द्धन, तथा स्वास्थ्य प्रदर्शनीको रुपमा बिस्तार गरिनेछ ।

**रणनीति ५.६.**बर्थिङ सेन्टरहरुलाई रणनैतिक स्थानमा संचालनका लागि मानव श्रोत तथा भौतिक साधन सम्पन्न गराइनेछ । प्रसुती केन्द्रहरूमा आमाघर तथा स्तर अनुसार नवजात कर्नर (Stablization center, Specialsized Newborn Care Unit, / Newborn Intensive Care Unit) को सुबिधा उपलब्ध गराइनेछ साथै पालीका तथा स्वास्थ्य संस्थामा आकस्मिक मातृ सुरक्षा कोष स्थापना गरीनेछ ।

**रणनीति ५.७.**नवजातशिशु तथा बाल रोगको एकिकृत ब्यवस्थापनलाई सुदृढ गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ ।

**रणनीति ५.८.**नगरपालिकाको आपतकालिन स्वास्थ्य पूर्व तयारी योजनामा मातृ, नवजात शिशु र बालबालिकाको स्वास्थ्य सेवाको निरन्तरतालाई प्राथमिक अवयबको रुपमा लिइनेछ ।

**रणनीति ५.९.**परिवार योजना कार्यक्रम प्रभावकारी बनाउन सवै स्वास्थ्य संस्थावाट ५ प्रकारको परिवार नियोजन सेवा उपलब्ध गराउने र जिल्ला अस्पतालबाट नियमित स्थायी बन्ध्याकरण सेवा दिने व्यवस्था गराइनेछ ।

**नीति ६. मुसीकोट नगरपालिका भित्र स्वास्थ्यको लागि जनशक्तिको ब्यवस्थापनलाई प्रभावकारी रुपमा अघि बढाइनेछ ।**

**रणनीति ६.१.**विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार हुने गरी मुसीकोट नगरपालिका स्तरीय आवधिक स्वास्थ्य जनशक्ति गुरुयोजना निर्माण गरि लागू गरिनेछ । संस्थाहरुमा स्वास्थ्य जनशक्ति भएको पुनरावलोकन गरिने छ ।

**रणनीति ६.२.**बिशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ती ब्यवस्थापनका लागि संघिय, प्रदेश सरकार एवं शिक्षालयसंग समन्वय र सहकार्य गरिने छ ।

**रणनीति ६.३.**जवाफदेहिपूर्ण एवं प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न मिश्रित दक्ष जनशक्तिको आवश्यकता पहिचान, उत्पादन, परिचालन गर्न तथा मुसीकोट नगरपालिकाको विशिष्ट अवस्थामा कार्यरत चिकित्सक एवं स्वास्थ्यकर्मीलाई टिकाउनका लागि प्रोत्साहित गरिनेछ ।

**रणनीति ६.४.**मुसीकोट नगरपालिकाभित्र कार्यरत स्वास्थ्यकर्मीको समुचित ब्यवस्थापनको लागि बृत्ति बिकास प्रणालीद्धारा ब्यवस्थित गरिनेछ ।

**रणनीति ६.५.**स्वास्थ्यकर्मीको सेवाको निरन्तरताको लागि सेवा करार, पुल दरबन्दि जस्ता उपायहरुको अवलम्बन गरिनेछ ।

**रणनीति ६.६.**आवश्यकताको आधारमा स्वास्थ्य संस्था हरुको दरबन्दी संरचनाको निर्धारण गरिने छ ।

**रणनीति ६.७.**स्वास्थ्यकर्मी हरुलाई दक्षता अभिवृदिका लागि विषयगत तालिम, गोष्ठी तथा विभिन्न निकाय हरु सँग सहकार्य गरी आवश्यक तालिममा पठाउने व्यवस्था गरीने छ ।

**रणनीति ६.८.**स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वंयसेविका का लागि वर्षमा एक पटक अवलोकन भ्रमणको आयोजना गरीने छ ।

**रणनीति ६.९.**६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयम सेविकालाई विशेष सम्मान सहित विदाई गरिने छ साथै समय अनुकुल महिला स्वास्थ्य स्वयम सेविकाको मापदण्ड निर्धारण गरी लागु गरीने छ ।

**नीति ७.गुणस्तरीय, सर्वसुलभ औषधि उपकरणमा सर्वसाधरणको सहज पहुँच बनाउने तथा स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको उपयोगलाई प्रोत्साहित गरिनेछ ।**

**रणनीति ७.१.**सबै स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय औषधी वितरण हुने व्यवस्था मिलाइनेछ । औषधिको गुणस्तर र मूल्य नियन्त्रण गर्नका लागि मुल्य तोक्नुका साथै नियमित अनुगमन नियमन गरिनेछ ।

**रणनीति ७.२.**स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधि उपकरणको सुची तयार गरि औषधि उपकरण खरिद गर्दा मुसीकोट नगरपालिका तथा स्वास्थ्य संस्था वा वडाले खरिद गर्ने औषधिको छुट्टा छुट्टै सुची तयार गरि ब्यवहारमा ल्याइनेछ ।

**रणनीति ७.३.**दुर्गम क्षेत्रमा सुलभ औषधी पसल बिस्तार गर्न प्रोत्साहन गरिनेछ र स्वास्थ्य संस्थाहरुमा सहुलियत दरको फार्मेसी सेवा थप गरिने छ ।

**रणनीति ७.४.**प्रतिकारात्मक संभार, बिक्रि उपरान्त संभार आदी सिद्धान्तलाई ब्यवहारिक रुपमा लागु गरिनेछ । उपकरणहरुको मर्मत तथा सम्भारका लागि संघीय र प्रादेशिक निकायसँग समन्वय गरिनेछ ।

**नीति ८.स्वास्थ्य सूचना प्रणाली र सुक्ष्म अनुसन्धानलाई गुणस्तरीय बनाई अनुसन्धानबाट प्राप्त परिणामलाई मुसीकोट नगरपालिकाको योजना, नीति, रणनीति बिकास गर्न प्रभावकारी उपयोग गरिनेछ ।**

**रणनीति ८.१.**आवधिक रुपमा आयोजना गरि मुसीकोट नगरपालिका भित्र स्वास्थ्य सम्बन्धि सूचना ब्यवस्थित गर्ने स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी वा अनुसन्धानकर्तालाई प्रोत्साहित एवं प्रवर्धन गर्न उत्कृष्ट अनुसन्धानकर्ता, स्वास्थ्यकर्मी एवं संस्थालाई पुरस्कृत गरिनेछ ।

**रणनीति ८.२.**मुसीकोट नगरपालिकामा स्वास्थ्य सूचना प्रणाली तथा अनुसन्धानबाट आएका निष्कर्ष तथा राष्ट्रिय प्रतिबद्धतालाई योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ ।

**रणनीति ८.३.**मुसीकोट नगरपालिकाको एकीकृत स्वास्थ्य सुचना प्रणालीमा सूचनाको शुद्धता, समयबद्धता र पूर्णतामा निगरानी गरि गुणस्तरीय बनाइनेछ ।

**रणनीति ८.४.**मुसीकोट नगरपालिकाका स्वास्थ्य सुचना प्रभावकारी र व्यवस्थित बनाउन स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाहरुवाट नै Online reporting तथा तंथ्याक विश्लेषण कार्य बिस्तार तथा नियमित गरिनेछ ।

**नीति ९.मुसीकोट नगरपालिकाबासीको स्वास्थ्य बीमा सुनिश्चित गरि लक्षित बर्ग जस्तै ज्येष्ठ नागरिक, अपाङ्ग नागरिक, महिला बालबालीका, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका, जनयुद्ध र जनआन्दोलनका घाईतको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिने छ ।**

**रणनीति ९.१.**मुसीकोट नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुबाट प्रवाह गरिने स्वास्थ्य सेवाहरु बालमैत्री, अपांगमैत्री, ज्येष्ठ नागरिकमैत्री, किशोरकिशोरी मैत्री हुनेछन् ।

**रणनीति ९.२.**कम उमेरमा बिवाह गर्ने र कम उमेर मै गर्भवती हुने कारणले महिलाको स्वास्थ्यमा असर गर्ने हुनाले सचेतना अभिबृद्धि गर्ने तथा महिनावारी भएको बेला छात्राहरुको बिद्यालय उपस्थितिमा निरन्तरता दिन dignity kit उपलब्ध गराइनेछ ।

**रणनीति ९.३.**अपांगहरुको लागी आवश्यकता अनुसारको सहयोगी उपचार व्यवस्था, सहयोगी सामाग्री व्यवस्था गरिने छ साथै स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा अपांगमैत्री हुनेछन् । प्यालियटिभ सेवाको पनि क्रमशः शुरुवात गरिनेछ ।

**रणनीति ९.४.**प्रेषण प्रणाली प्रभावकारी गरिने छ र सहजीकरण गरिने छ । दुर्गम क्षेत्रबाट उपचारका लागि अन्यत्र प्रेषण भएका विरामीहरुको सहजिकरण गरिने छ साविकको जिल्ला अस्पतालमा एक जना स्वास्थ्यकर्मी कार्यरत रहने सहायता कक्ष/ सामाजिक सेवा इकाई स्थापना गरी प्रभावकारी ब्यवस्थापन गरिनेछ र सन्चालन गरिने छ ।

**रणनीति ९.५.**लैंगिक हिंसामा परेका, वेवारिसे जेष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भइ सडकमै रहेका असहाय व्यक्तिहरूलाइ अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवं हेरचाहको लागि निजी सरकारी सहकार्यमा मुसीकोट नगरपालिका पुर्नस्थापना केन्द्र स्थापना एवं संचालन गरिने छ । साथै एकद्वार संकट व्यवस्थापन केन्द्रको सुद्धिढीकरण एवं विस्तार गरिने छ ।

**रणनीति ९.६.**ज्येष्ठ नागरीक को सम्मानका लागी स्वास्थ्य तथा अन्य कार्यक्रमको आयोजना गरिने छ ।

**नीति १०. सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने ब्यवस्था मिलाइनेछ ।**

**रणनीति १०.१.** नगरपालीकाका सरकारी तथा निजि स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा गुणस्तर सुधार प्रणाली लागु तथा सुदृढ गर्न नगरपालीका स्तरमा गुणस्तर सुनिश्चितता कार्यसमिति गठन गरिने छ ।

**रणनीति १०.२.** निजी उपचार प्रदान गर्ने संस्था (एलोपेथिक, आयुर्वेदिक, प्राकृतिक तथा अन्य बैकल्पिक सेवा) निदानात्मक सेवा, प्रयोगशाला सेवा, थेरापी सेवा प्रदायक संस्थाहरुको लागी मापदण्ड, निर्देशिका बनाई सोही अनुसार दता गर्ने, संचालन अनुमति दिने तथा तथा नियमन् गर्ने व्यवस्था मिलाईने छ ।

**रणनीति १०.३.** एक जना जनस्वास्थ्य अधिकृत (सम्भव भए सम्म कार्यरत स्वास्थ्यकर्मी मध्ये) को व्यवस्था गरी वातावरणीय सरसफाइ, सुर्ति जन्य तथा मदिरा नियन्त्रण, खाद्य स्वच्छता, औषधी समुचित प्रयोग, समुचित उपचारको नियमन गर्ने र कारबाही गर्ने व्यवस्था गरिने छ ।

**रणनीति १०.४.** मुसीकोट नगरपालिका भरिमा सम्पुर्ण स्वास्थ्य संस्थाहरुको नियमन, नियमित अनुगमन, मूल्यांकन गर्न एक निर्देशिका बनाइ सोही अनुसार लागू गरिनेछ ।

**रणनीति १०.५.** मुसीकोट नगरपालिका प्राज्ञिक, पेशागत तथा व्यवसायिक संघ संस्थाहरु संचालन सम्वन्धी बनेका मुसीकोट नगरपालिका, राष्ट्रिय तथा प्रादेशिक नियम र मापदण्ड अनुसार दर्ता, नवीकरण, संचालन, अनुगमन र नियमन गरिनेछ ।

**रणनीति १०.६.** नगरपालिका भित्र सन्चालन हुने स्वास्थ्य सम्बन्धि सम्पूर्ण गतिविधिहरुको अनिवार्य अनुमति तथा जानकारी हुनु पर्ने व्यवस्था गरिने छ ।

**रणनीति १०.७.** सबै तहका स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड तयार गरी लागु गरिनेछ ।

**नीति ११. सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपतकालिन अवस्था महामारी नियन्त्रण जस्ता कार्यका लागि सरोकारवाला सँगको समन्वयमा स्वास्थ्य सेवा प्रभावकारी रुपमा परिचालन गरिने छ ।**

**रणनीति ११.१.** तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा सबै तहका स्वास्थ्य संस्थाहरुबाट नियमित प्रवाह हुने ब्यवस्था मिलाइनेछ । मुसीकोट नगरपालिका तोकिएका स्वास्थ्य संस्था तथा बर्थिङ सेन्टरहरुबाट २४ घण्टा आकस्मिक सेवा प्रवाह हुनेछ ।

**रणनीति ११.२.** मुसीकोट नगरपालिका भित्र सरकारी, निजी, सामुदायीक रुपमा संचालन हुने एम्बुलेन्स एवं शव बाहन् सेवालाई निर्देशिका एवं मापदण्ड तयार गरी व्यवस्थित तरिकाले संचालन गर्ने व्यवस्था मिलाईने छ । यसको उपलब्धता बढाउनुका साथै शुल्कमा नियमन गरिने छ ।

**रणनीति ११.३.** मुसीकोट नगरपालिका आपतकालीन स्वास्थ्य पूर्वतयारी योजना बनाईनेछ र मुसीकोट नगरपालिका भित्रका रणनितिक स्थानहरूमा आकस्मिक स्वास्थ्य अवस्थामा आवश्यक

पर्ने औषधी, उपकरण तथा अन्य सामाग्रीको जगेडा (Buffer Stock)को रूपमा राखिनेछ ।

**रणनीति ११.४**.प्राकृतिक प्रकोप, महामारी र दुर्घटना जस्ता आकस्मिक स्वास्थ्य सेवालाई तत्काल व्यवस्थापन् गर्न मुसीकोट नगरपालिका स्तरीय समिति गठन् गरिने छ । मुसीकोट नगरपालिका स्तरीय आकस्मिक स्वास्थ्य परिचालन केन्द्र (HEOC) र Early Warning Reporting System (EWARS) प्रभावकारी बनाईने छ ।

**रणनीति ११.५**.दुर्गम क्षेत्रबाट आकस्मिक स्वास्थ्य अवस्था परि संकटमा रहेका (सुत्केरी बेथा, चोटपटक) को अवस्थामा हवाई माध्यमबाट उद्धार गर्न प्रदेश र संघ सरकार सँग समन्वय गरिनेछ ।

**रणनीति ११.६**.संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण गर्न हाल संचालित क्षयरोग, कुष्ठरोग, एड्स, किटजन्यरोग, एनिमिया सम्बन्धी कार्यक्रम कार्यान्वनयनको स्थानीय निकायको समन्वयमा अनुगमन गरी सोको प्रभावकारी रुपमा संचालन गरिने छ र आवश्यकता अनुसार परिमार्जित गरिने छ ।

**रणनीति ११.७**.संघीय तथा प्रादेशिक स्वास्थ्य संस्था जन्य फोहोरको व्यवस्थापन तथा बिसर्जन सम्बन्धि मापदण्डलाई मुसीकोट नगरपालिका स्तरमा प्रभावकारी रुपमा लागू गरिनेछ ।

**नीति १२. स्वास्थ्य क्षेत्रमा मुसीकोट नगरपालिकाको लगानी अभिबृद्धि गर्दै संघीय, प्रदेश सरकार तथा निजी क्षेत्र लगायत अन्य लगानीलाई व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गरिनेछ ।**

**रणनीति १२.१**.औषधीको समूचित व्यवस्थापन र वितरणका लागि मुसीकोट नगरपालिका स्तरीय औषधी भण्डारणको (Medical Store) व्यवस्था गरिनेछ ।

**रणनीति १२.२.**राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रमलाइ मुसीकोट नगरपालिका भरि प्रबर्धन एवं विस्तार गरिने छ ।

**रणनीति १२.३**.मुसीकोट नगरपालिकाको कुल बजेटको कम्तिमा १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रका लागि सुनिश्चित गर्ने साथै सो बजेट क्रमश बृद्धि गरिनेछ ।

**रणनीति १२.४.**अति गरिव, असहाय, द्वन्द पीडित, लोपोन्मुख जातीलाई मुसीकोट नगरपालिकाले परिचयपत्र प्रदान गरी सम्पूर्ण स्वास्थ्य सेवा निःशुल्क गरिने छ । उल्लेखित लक्षित समुदायलाई बिशेष स्वास्थ्य कार्यक्रम गरी पहुँच बृद्धि गरिनेछ । साथै त्यस्ता समुदायलाई स्वास्थ्य बीमामा समावेश गर्न मुसीकोट नगरपालिकाको सहुलियतमा वडा सँग समन्वय गरी कार्यान्वयन गरिनेछ साथै निशुल्क स्वास्थ्य विमा को व्यवस्था गरिने छ ।

**रणनीति १२.५**.मुसीकोट नगरपालिका भित्र गैर सरकारी तथा निजि क्षेत्र बीचको सहकार्य तथा साझेदारीलाई प्रवर्द्धन तथा नियमन गरिनेछ ।

**निति १३.जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रेषण सेवाको बिकास तथा बिस्तार गरिने छ ।**

**रणनीति १३.१**.मुसीकोट नगरपालिका भित्र समुदाय, स्वास्थ्य संस्था तथा सबै बिद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था गरिने छ ।

**रणनीति १३.२**.समुदायमा बितरण गरिएको खानेपानी तथा व्यवसायिक रुपमा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण र निगरानी गरिने छ।

**रणनीति १३.३**.वडा समितिहरु संग समन्वय र सहकार्य गरी घर, समुदाय, बजार तथा स्वास्थ्य संस्थाको फोहोरको उचित व्यवस्थापन र पैरवी गरिने छ ।

**रणनीति १३.४**.वडा समितिहरु संग समन्वय र सहकार्य गरी दुर्गम बस्तीहरुमा स्वास प्रस्वास रोगको कारक मानिएको घरभित्र हुने धुँवा (Indoor pollution) नियन्त्रण गर्न सफा चुलो अभियान संचालन गरिने छ र ५ वर्ष भित्र पूर्ण सफा चुलो नगरपालिका घोषणा गरिने छ ।

**रणनीति १३.५**.घर देखि नै सरसफाई भन्ने अभियान सन्चालन गरिने छ ।

**रणनीति १३.६**.वडा समितिहरुसंग समन्वय र सहकार्य गरी खुला दिशामुक्त मुसीकोट नगरपालिकाबाट पूर्णसफा मुसीकोट नगरपालिका बनाईनेछ र सो को दिगोपनाको रणनीति तयार गरि कार्यान्वयन गरिनेछ ।

**रणनीति १३.७**.मुसीकोट नगरपालिका भित्र खानेपानी, हावा, ध्वनीको गुणस्तरको मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गरिनेछ ।

**रणनीति १३.८**.जलवायु परिवर्तन, मौसम परिवर्तन, काम र कार्यस्थलका कारणले स्वास्थ्यमा पर्ने हानीबाट वचाउन सरकारी तथा निजी सबै क्षेत्रहरुसंग समन्वय गरी स्वास्थ्य सचेतना सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

**निति १४.स्वास्थ्यकर्मीको सुरक्षा, समुदायको स्वास्थ्य क्षेत्रमा सहभागीता र स्वास्थ्य क्षेत्रमा सुशासन सुनिश्चित गरिने छ ।**

**रणनीति १४.१**.स्वास्थ्य सेवा प्रदायक ब्यक्ति र संस्थाहरुको सुरक्षाको लागि प्रचलित कानुनी ब्यवस्थालाई मुसीकोट नगरपालिकाभर प्रभावकारी रुपमा लागू गरिनेछ ।

**रणनीति १४.२**.स्वास्थ्य सेवामा, स्वास्थ्य पूर्वाधार निर्माणमा हुने ढिलासुस्ती तथा गुणस्तरहिन कार्यलाई निरुत्साहित गरिने छ । स्वास्थ्यकर्मिलाई आफ्नो काम, कर्तब्य प्रति जवाफदेही बनाईने छ ।

**रणनीति १४.३.**स्वास्थ्य सुशासन कायम गर्नको लागी सामाजिक परिक्षण, नागरिक बडापत्र र बिज्ञहरु सहितका जिम्मेवार समितिहरुको ब्यबस्था गरिने छ । स्वास्थ्य सम्बन्धी गुनासो सुनुवाईको लागी पनि आवश्यक संयन्त्रको प्रयोग गरिने छ ।

**रणनीति १४.**४.स्वास्थ्य संग सम्बन्धीत राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुलाई  जनतामुखी र परिणाममूखी कार्य गर्नको लागि उत्पेरित गरिने  छ ।

**रणनीति १४.५**.मुसीकोट नगरपालिकाका समुदायको विशिष्ट संस्कृती संस्कारलाई आत्मसात गर्दै स्वास्थ्य सेवालाई सेवाग्राही मैत्री बनाई स्वास्थ्यको हकको सुनिश्चितता गरिने छ ।

**रणनीति १४.**६.मुसीकोट नगरपालिका भित्रका नागरिकलाई स्वास्थ्य सम्बन्धि सूचनाको हक तथा सेवाग्राहीले उपचार सम्बन्धि जानकारी पाउने हक सुरक्षित गर्न सूचना तथा संचार कार्यलाई प्रभावकारी कार्यान्वयन गरिने छ ।

**नीति १५. मुसीकोट नगरपालिकाबासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यबर्द्धक, पौष्ट्रिकयुक्त स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) खाद्य पदार्थ उत्पादन, प्रयोग र पहुँचलाई  बृद्धि गरिनेछ ।**

**रणनीति १५.१.**खाद्य विविधीकरणमा जोड दिदै स्थानीय तहसंग समन्वय र सहकार्य गरी पोषण व्यवहार परिवर्तन गर्ने तथा पत्रु खाना (Junk Food) लाई निरुत्साहित गर्ने सम्बन्धी कार्यक्रमहरु नियमित रुपमा संचालन गरिने छ ।

**रणनीति १५.**२.अर्गानीक तथा पोषणयुक्त खाद्यवस्तुको उत्पादन वृद्धि गर्न, हरित गृह तथा प्रत्येक परिवारमा सुधारीएको करेशाबारी निर्माण गर्न र खानामा विविधीकरण गरि उपभोग गर्न प्रोत्साहित गरिने छ ।

**रणनीति १५.**३.पोषणयुक्त बाल पौष्ट्रिक आहार, दिवा खाजा लगायतका अन्य खाद्य पदार्थ उत्पादनका लागि पोत्साहन गरिने छ र सोको गुणस्तर कायम गर्ने प्रावधान बनाईने छ ।

**रणनीति १५.**४.वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय स्तरमा उपलब्ध पौष्ट्रिक तत्वयुक्त खाद्य पर्दाथ उपयोग गर्नका लागि उत्प्रेरित गरिने छ यस्ता खाद्य पदार्थ प्रसोधन तथा बजारीकरणका लागी साना किसान/ब्यवसायी अनुदान कार्यक्रम संचालन गरिने छ ।

**रणनीति १५.५.**बहुक्षेत्रीय पोषण कार्यक्रम, एकीकृत शिघ्र कुपोषण व्यवस्थापन कार्यक्रम लगायत पोषणसँग सम्बन्धी कार्यक्रम विस्तार, परिष्कृत एवं प्रभावकारी बनाइने छ । स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा पोषण पुर्नस्थापना केन्द्रहरू स्थापना गरिने छ ।

**रणनीति १५.**६ .वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय बजारमा खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ । स्वस्थ मासु तथा दुध उत्पादन बिक्रि

बितरणको लागी नियमन गरिने छ । कुनैपनि तैयारी खानेकुराहरुमा अनिबार्य लेवलिङको व्यवस्था गरिने छ ।

**रणनीति १५.७**.दुईबर्ष मूनिका बालबालिकाको नियमित बृद्धि अनुगमन गरिने छ । गर्भवति र २ बर्षमूनीका बच्चाका आमाहरुको पोषणको स्थिति सुधार गरिने छ ।

**रणनीति १५.८**.गर्भवतिहरुका लागि पोषण अवस्थाको मध्यनजर गर्दै विशेष कार्यक्रमको आयोजना गरिने छ ।

**नीति. १६.जनसंख्या व्यवस्थापनलाई मुसीकोट नगरपालिका बिकासको मुल खम्बाको रुपमा संस्थागत गर्ने ।**

**रणनीति १६.१**.मुसीकोट नगरपालिका भित्र जन्म, मृत्यु, बसाइसराई जस्ता व्यक्तिगत घटना दर्ता कार्यलाई व्यवस्थित गरिने छ ।

**रणनीति १६.२**.जनसंख्या सम्बन्धित सूचनालाई बिकास आयोजना तर्जुमा गर्दा र कार्यक्रम बिकास गर्दा प्रमुख रुपमा उपयोग गरिने छ ।

**रणनीति १६.३**.हरेक बालबालिको अनिवार्य जन्मदर्ता समयमै गर्ने गराउने ब्यवस्था गरि ५ बर्ष सम्म ट्र्याकिंग गरिने छ । विद्यालय भर्ना गर्दा अनिवार्य जन्मदर्ता र खोप प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्ने व्यवस्था गरिने छ ।

**रणनीति१६.४**.समुदायस्तरमा भएको हरेक नवजात शिशु एवं मातृमृत्युको कारण पहिचान (MPDSR)गर्न मृत्युपश्चात गरिने भर्बल अटप्सि विधिलाई पद्धतीबद्ध गरिने छ ।

**रणनीति १६.५**. मौसमी बसाईसराई, श्रम बसाईसराई, यार्सा एवं जडिबुटी संकलन समयको लागि आधारभूत स्वास्थ्य सेवा घुम्ती स्वास्थ्य क्लिनिकहरु मार्फत प्रदान गरिने छ ।

**रणनीति १६.६**. वडा समितिहरुसँग समन्वय गरि दुर्गममा छरिएका र जोखिममा रहेको बस्ती पहिचान गर्ने, एकिकृत बस्ती विकासको लागि अध्ययन एवं पैरबी गर्नुका साथै वस्ती विकास योजना तर्जुमा गरी संघीय सरकार र प्रदेश सरकारसंगको समन्वय र सहयोगमा वस्ती विकास कार्यक्रम कार्यान्वयन गर्न जोड दिइने छ ।

**रणनीति १६.७**. स्वस्थ्य, सुखी परिवार बनाउन वडा समिति तथा स्वास्थ्य संस्थाहरुसंग समन्वय र सहकार्यमा व्यवस्थित परिवार एवं परिवार नियोजन सम्बन्धि कार्यक्रम संचालन गरिने छ ।

**रणनीति १६.८**.स्वास्थ्य उपलब्धि हासिल गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गर्नुका साथै  बहुपक्षीय, दुईपक्षीय, तथा राष्ट्रिय, अन्तराष्ट्रिय, बहुक्षेत्रीय सहकार्यद्धारा विकास साझेदारहरुको सहयोगलाई प्रभावकारी ढंगबाट परिचालन गरिने छ ।

## ८.संस्थागत संरचना

८.१.नीति कार्यान्वयनका लागि मुसीकोट नगरपालिकाको नेतृत्वमा स्वास्थ्य संस्थाहरु रहने छन । त्यस्तै नीतिमा उल्लेख भएको स्वास्थ्य अर्न्तगत सेवा प्रवाहका लागि मुसीकोट नगरपालिका स्तरमा प्रयोगशाला सहितको स्वास्थ्य सेवा केन्द्र वा नगर अस्पताल स्थापना गरिने छ ।

८.२.मानव संशाधन विकासका लागि प्रदेश सरकार, प्रदेश लोक सेवा, स्वास्थ्य विज्ञान प्रतिष्ठान वा मेडिकल कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरु, क्षमता अविवृद्धिका लागि समन्वय गरिने छ । स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा, आँखा उपचार सेवा,डेन्टल सेवा र प्रत्येक वडामा एउटा आधारभूत स्वास्थ्य केन्द्र तथा आवश्यकता अनुसार सामुदायीक स्वास्थ्य इकाई स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवं सहजीकरण गरिने छ ।

## ९.आर्थिक पक्ष

यस नीतिको कार्यान्वयन मूलतः मुसीकोट नगरपालिका सामाजिक विकास शाखाको नियमित बजेटबाट गरिने छ । यस नीतिमा रहेका उद्धेश्यहरु हासिल गर्न मुसीकोट नगरपालिकाका सवै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडी ल्याइने छ । नेपाल सरकार र कर्णाली प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिने छ । यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत व्यवस्थापन गर्न पहल गरिनेछ ।

## १०.अनुगमन र मूल्यांकन

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तीको मूल्यांकन गर्ने दायित्व सामाजिक विकास शाखाको हुनेछ । यसको लागि उक्त शाखाको संयन्त्र र क्षमता विकास गरिने छ । वडा समितिहरु एवम अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ । प्रत्येक पाँच वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिने छ ।

## ११.नीति कार्यान्वयनको कार्ययोजना

नीति कार्यान्वयनका लागि मुसीकोट नगरपालिका स्वास्थ्य ऐन तर्जुमा गरिने छ । स्वास्थ्य सँग सम्बन्धित आवश्यक ऐन कानून, नियमावली तथा अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति कार्यान्वयनका लागि तत्कालीन, मध्यकालीन र दिर्घकालीन कार्ययोजना बनाउने छ । यही कार्ययोजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण कार्यान्वयन गरिने छ । वार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिने छ ।